## नेपालविरुद्ध प्रमाण या प्रतिशोध ?

पृष्ठ १ बाट

राजनीतिको पछिल्लो अवस्था हेर्ने हो भने सबैभन्दा कमजोर पात्रका रूपमा देखिएका नेपालको पाँच दशकको राजनीतिक यात्रामा भ्रष्टाचारको धब्बा लागेको छ। संयोग पनि कस्तो भने हरेक दिन एक घण्टा योगा गर्ने नेपाललाई पतञ्जली योगपीठको जग्गा प्रकरणमा अख्तियारले मुद्दा हालेको हो। मुद्दा दर्ताको केही समयपछि गृहजिल्ला रौतहटबाट काठमाडौं आएर उनले सुरुमा कानुन व्यवसायीसँग परामर्श गरे। त्यसपछि उनी पार्टीका नेतासँग बैठकमा बसे। कानुन व्यवसायीले उनलाई अदालतमा गएर फेस गर्न सुझाव दिए। हदबन्दी छुट पाएको पतञ्जली योगपीठको जग्गा बेच्न दिने निर्णय प्रक्रियामा संलग्न भएको आरोपमा आयोगले यसअघि अध्यक्ष नेपालसँग बयान लिएको थियो।

कम्युनिस्ट आन्दोलनभित्र नेपाललाई सादगीपूर्ण जीवन जिउने, मदिरापान नगर्ने, निष्ठावान्, अनुशासित र पार्टी विधि र पद्धतिप्रति इमानदार नेताका रूपमा चित्रण गरिएको पाइन्छ। एमाले निर्मातामध्ये उनी एक हुन्। अहिले उनी एमालेमा छैनन्। एमालेमा रहँदा उनी २७ वर्षदेखि अविच्छिन्न रूपमा शीर्ष पहिलो वा दोस्रो नम्बरमा थिए। जीवनको उत्तारार्धमा उनी नयाँ पार्टी खोलेर बसेका छन्। उनीलगायतको परिश्रम परेको एमालेको नेतृत्वमा हाल केपी ओली छन्।

१३ वर्षमै राजनीतिमा लागेका नेपालले २०२६ सालमा कम्युनिस्ट पार्टीको सदस्यता पाएका थिए। २०२८ सालमा संगठन विस्तारका लागि काठमाडौं आएका नेपाल मुलुकको कार्यकारी पदमा पुगेका थिए। त्यहीबेला गरेको निर्णय यतिबेला उनलाई भारी परेको छ। नेपालले पतञ्जलीको जग्गा बेच्ने निर्णयबारे मात्रै होइन, प्रधानमन्त्री निवास विस्तार गर्ने र ललिता निवासको जग्गा प्रकरणमा पनि अख्तियारमा बयान दिनुपरेको थियो। उनले ललिता निवासको विषयमा पनि धेरै पटक स्पष्टीकरण दिनुपरेको थियो। ललिता निवासको जग्गा प्रकरणमा उनले आफू दोषी नभएको बताएका थिए। 'अनुचित काममा लागेको जोसुकै किन नहोस्, उम्किन पाउँदैन, म दोषी छैन, म अपराधी होइन। म भ्रष्टाचार नगर्ने र गर्न पनि नदिने मान्यताको मान्छे हुँ, मेरो पालामा कुनै नयाँ मोही बनाउने निर्णय पनि भएको छैन,' उनले भनेका थिए। पतञ्जली योगपीठको जग्गा प्रकरणमा पनि उनले यही अभिव्यक्ति दोहोऱ्याउनुपर्ने समय आएको छ।

अख्तियारले मुद्दा दर्ता गरेपछि माधव नेपालले आफूविरुद्ध केपी ओली लागेको आरोप लगाएका छन्। ओलीकै निर्देशनमा आफूविरुद्ध भ्रष्टाचारमुद्दा दायर भएको आरोप उनको छ। 'उहाँ (ओली) मेरो विरुद्धमा सुरुदेखि लाग्नु नै भएको हो,' उनले भने, 'मेरो राजनीतिक करिअर समाप्त पार्ने उहाँको नियतै हो। अहिले पनि उहाँले पटकपटक कोसिस गर्नुभएको हो।' नेपालले प्रधानमन्त्री ओली बदलाको भावनाबाट चलिरहेको बताएका छन्। 'उहाँ बदलाको भावनाबाट चलिराख्नुभएको छ,' उनले भनेका छन्। अध्यक्ष नेपालले आफूले कुनै पनि भ्रष्टाचार नगरेको दाबी गरेका छन्। 'अनुचित कामलाई प्रोत्साहन गर्न चाहन्नँ। मैले आफ्ना तर्फबाट कुनै बेठिक काम गरेको छैन। मविरुद्ध भ्रष्टाचारको मुद्दा दायर हुन्छ भनेर मैले कल्पना पनि गरेको थिइनँ,' उनले भनेका छन्। 'म आफैंले कुनै पनि खराब नियतबाट लाभ उठाएको छैन, भ्रष्टाचार गरेको छैन। र, कुनै पनि कामका लागि आदेश दिने काम मबाट भएको छैन।' उनले पार्टीको बैठकपछि न बिराउनु न डाउनु भनेका छन्। उनले चुनौतीका साथ डटेर सामना गर्ने पनि बताए। प्रधानमन्त्री भएको बेला होस् वा पार्टीको महासचिव भएको बेला पनि भ्रष्टचार गर्नुहुँदैन भन्ने धारणा राख्दै आएका थिए। तर उनी अहिले भ्रष्टाचारको अभियोग खेप्दैछन्।

२०६६ जेठमा उनी पहिलोपटक प्रधानमन्त्री बनेका हुन्। संविधानसभाको निर्वाचनमा दुईवटा क्षेत्रबाट पराजित भएका नेपाल सभासद् भएपछि प्रधानमन्त्री भएका थिए। कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाले शान्तिप्रक्रियामा भूमिका खेलेका नेता भनेर उनलाई सभासदमा मनोनीत गरेका थिए। उनी एमालेका वरिष्ठ नेता त थिए। तर उनी पार्टी अध्यक्ष र संसदीय दलका नेता थिएनन्। दलको नेता झलनाथ खनाल भए पनि नेपाल प्रधानमन्त्री बन्न सफल भए। संविधानसभा निर्वाचनमा पार्टी तेस्रो भएपछि उनले महासचिवबाट राजीनामा दिए।

पार्टीको कार्यकारी पद छाडेर प्रधानमन्त्री भएपछि उनले भनेका थिए, 'जनताको हित र कल्याणका लागि धेरै लोकप्रिय कार्यक्रमहरू पनि ल्याउनु छ, सुकुम्बासीको समस्या भनौं। समावेशिताको राजनीतिका कुरा गरौं। समाजवादको यात्राका कुरा गरौं। यी सबै हाम्रा सकारात्मक कुराहरू पनि छन्। अन्याय, अत्याचारका विरुद्धमा, शोषण उत्पीडनविरुद्धमा, विभेदको विरुद्धमा, अनेकौं आन्दोलनहरू, मजदुर, किसान, श्रमजीवि जनतादेखि लिएर युवा, विद्यार्थीहरू, यी सबैले आ-आफ्नो ठाउँमा मुलुकलाई बनाउनु छ।'

# पहिलोपटक पूर्वप्रधानमन्त्रीमाथि भ्रष्टाचार मुद्दा

पृष्ठ १ बाट

अभियोगपत्रमा अख्तियारले तत्कालीन प्रधानमन्त्री नेपाल र मन्त्रिपरिषद् विधेयक समितिका संयोजक एवं कानुनमन्त्री प्रेमबहादुर सिंहलाई १८ करोड ५८ लाख ५० हजार रूपैयाँ बिगो माग, कैद, जरिवाना मागदाबी गरेको छ। त्यस्तै पतञ्जली नेपालका संस्थापक सदस्य शालिग्राम सिंहलाई मतियार भएको भन्दै मुख्य कसुरदारलाई हुने सजायसरहको मागदाबी लिइएको छ।

२०६६ साल माघ १८ मा काभ्रेको साँगा र महेन्द्रज्योतिमासमेत गरी ५५४ रोपनी ५ आना १ पैसा जग्गा खरिद गरी पतञ्जली योग पीठ तथा आयुर्वेद कम्पनी नेपालको नाममा कायम गरिएको थियो। जुन प्रयोजनका लागि जग्गा खरिद गरिएको हो सोही प्रयोजनमा मात्र प्रयोग गर्ने र बेचबिखन गर्न नपाउने गरी पतञ्जली नेपाललाई भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ बमोजिम हदबन्दी भन्दा बढी जग्गा खरिद गर्न स्वीकृति दिने निर्णय गरिएको थियो। मालपोत कार्यालय काभ्रेबाट हदबन्दीभन्दा बढी जग्गा खरिद गरी/गराई पतञ्जलीका नाममा कायम गराइएको थियो।

त्यो जग्गा भूमिसम्बन्धी ऐनअनुसार हदभन्दा बढी थियो। हदभन्दा बढी जग्गा लिएमा जफत तथा सरकारी सार्वजनिक कायम हुने कानुनी व्यवस्था भए पनि त्यसविपरीत काम गरिएको अख्तियारको दाबी छ।

मालपोत कार्यालय काभ्रेबाट झुटो विवरणसहित हदबन्दी छुट दिन हुने भनी गलत प्रतिवेदन भूमिसुधार तथा व्यवस्थापन विभागमा पठाइएको थियो। त्यसपछि हदबन्दी छुटका लागि भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको देखिन्छ। तत्कालीन प्रधानमन्त्री नेपाल, सरकारका मुख्यसचिव घिमिरेसमेतले बदनियत राखी हदबन्दी छुटसम्बन्धी प्रस्ताव कानुनसम्मत देखिएको भन्दै निर्णय गराएको अख्तियारको दाबी छ।

मुद्दामा मरिसकेका दुईजनालाई पनि विपक्षी बनाइएको छ। मृत्यु भैसकेका व्यक्तिका परिवारका सदस्यलाई विपक्षी बनाउँदै सम्पत्ति जफतको मागदाबी गरिएको छ। विपक्षी बनाइएका तत्कालीन भूमिसुधार तथा व्यवस्थामन्त्री डम्बर श्रेष्ठको मृत्यु भइसकेकाले बिगो असुलका लागि उनका छोरा सन्तोष श्रेष्ठलाई विपक्षी बनाइएको छ। त्यसैगरी पूर्वमुख्यसचिव माधवप्रसाद घिमिरेको हकमा उनकी पत्नी कमला घिमिरेलाई बिगो असुलका लागि प्रतिवादी बनाइएको छ।

त्यस्तै भूमिसुधार तथा व्यवस्था मन्त्रालयका तत्कालीन सचिव छविराज पन्त, सहसचिवहरू जितबहादुर थापा र लालमणि जोशीलाई संयुक्त रूपमा १८ करोड ५८ लाख ५० हजार रूपैयाँ बिगो कायम गरी कैद, जरिवाना मागदाबी गरिएको छ। मन्त्रालयका तत्कालीन उपसचिव कलानिधि पौडेल, उपसचिवहरू गान्धीप्रसाद सुवेदी, हुपेन्द्रमणि केसीलाई संयुक्त रूपमा १८ करोड ५८ लाख ५० हजार रूपैयाँ बिगो कायम गरी कैद, जरिवाना मागदाबी गरिएको छ।

यसैगरी भूमिसुधार तथा व्यवस्थापन विभागका तत्कालीन महानिर्देशक केशरबहादुर बानियाँ, काभ्रे मालपोत कार्यालयका अधिकृत प्रेमबहादुर देसारलाई जनही १८ करोड ५८ लाख ५० हजार रूपैयाँ बिगो कायम गरी कैद, जरिवाना मागदाबी गरिएको छ। विभागका तत्कालीन उपसचिव राजाराम थापा, शाखा अधिकृत सीताराम पोखरेल, नायबसुब्बा बुद्धिबहादुर कार्कीलाई संयुक्त रूपमा १८ करोड ५८ लाख ५० हजार रूपैयाँ बिगो कायम गरी कैद, जरिवाना मागदाबी गरिएको छ।

त्यस्तै मालपोत कार्यालय काभ्रेका कर्मचारी केदारनाथ भट्टराई, वेदप्रसाद अर्याल, शिवहरि शर्मा सुवेदी, विनोद कोइराला, तुलामणि राजभण्डारी, कृष्णप्रसाद सापकोटा, हरिप्रसाद होमेगाईंलाई संयुक्त रूपमा १८ करोड ५८ लाख ५० हजार रूपैयाँ बिगो कायम गरी कैद, जरिवाना मागदाबी गरिएको छ। विपक्षी बनाइएका गुठी संस्थान शाखा काभ्रेका तत्कालीन कामु कार्यालय प्रमुख कृष्णहरी भट्टराई, पवन आचार्य, माधवप्रसाद होमागाईंलाई १३ करोड १२ लाख ६० हजार रूपैयाँ बिगो मागदाबी, कैद, जरिवाना माग गरिएको छ।

सनराइज बैंकका एसु मैनाली, मनोज न्यौपाने, विक्रान्त कोइराला, रविनकुमार नेपाल, आशा राणा, संजयकुमार सिद्धी, सुनिलरत्न स्थापित, बलराम विष्टलाई एकमुष्ठ १८ करोड ५८ लाख ५० हजार रूपैयाँ बिगो, कैद, जरिवाना मागदाबी गरिएको छ। पतञ्जलीका संस्थापक सदस्य शालीग्राम सिंहलाई मतियारको भूमिका निभाएकाले १८ करोड ५८ लाख ५० हजार रूपैयाँ बिगो कायम गर्दै कैद, जरिवाना मागदाबी गरिएको छ।

त्यस्तै भोजराज शर्मा वाग्लेलाई ६ करोड ७० लाख रूपैयाँ, **जीवनराज** ६५ लाख रूपैयाँ, ध्रुवराज थापालाई ५ करोड ९४ लाख ५० हजार रूपैयाँ, मनु घिमिरेलाई २ करोड ६० लाख रूपैयाँ, ओमप्रकाश वंशललाई ८७ लाख रूपैयाँ, भीमदत्त जोशीलाई ९० लाख रूपैयाँ, वीरेन्द्रलाल श्रेष्ठलाई ७८ लाख रूपैयाँ, लक्ष्मण कार्कीलाई १४ लाख रूपैयाँ बिगो कायम गरी कैद, जरिवाना मागदाबी गरिएको छ।

अभियोगपत्रमा पतञ्जली कम्पनी, विभिन्न व्यक्ति, सुसम्पन्न हाउजिङका नाममा रहेको ५५४ रोपनी ५ आना १ पैसा जग्गा जफत गर्न मागदाबी गरिएको छ। यो प्रकरणमा विश्वरत्न शाक्य, शेखरकुमार राणा र राधेश्याम सराफतसमेतको मिलेमतो रहेको भन्दै उनीहरूसँग पनि बिगो, मागदाबी गरिएको छ।

यसैबिच नेपाल सरकारका पूर्वसचिव शारदाप्रसाद त्रितालले पूर्वप्रधानमन्त्री नेपालमाथि मुद्दा हालेर अख्तियारले राम्रो काम गरेको प्रतिक्रिया दिएका छन्। अख्तियारले गरेको यस कार्यको सह्राना गर्दै त्रितालले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'ललिता निवास जग्गा प्रकरणमा यसअघिका अख्तियारका पदाधिकारीले स्थापित गरेको गलत नजिर अहिलेका पदाधिकारीले सच्याउनुभयो, यो ज्यादै खुसीको कुरा हो। अब यस्तै अन्य केसहरूमा पनि अख्तियार अघि बढ्न सकोस्।'

### षड्यन्त्रलाई पराजित गर्छौं : नेकपा एस

काठमाडौं, जेठ २२ (नागरिक)- नेकपा एकीकृत समाजवादी (नेकपा एस) ले पूर्वप्रधानमन्त्री तथा पार्टी अध्यक्ष माधवकुमार नेपालविरुद्ध षड्यन्त्र गरिएको प्रतिक्रिया दिएको छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले बिहीबार विशेष अदालतमा दायर गरेको मुद्दाबारे प्रारम्भिक धारणा सार्वजनिक गर्दै नेकपा एसले अध्यक्ष नेपालविरुद्ध षड्यन्त्र गरिएको प्रतिक्रिया दिएको हो। राजनीतिक पूर्वाग्रहका हिसाबले पार्टी अध्यक्षमाथि मुद्दा चलाइएको उल्लेख गर्दै प्रवक्ता प्रकाश ज्वालाले भने, 'यसको प्रतिवाद गर्छौं। मुद्दा परिसकेपछि हामी भाग्दैनौं। न डराउनु न बिराउनु भनेर पार्टी अध्यक्ष प्रारम्भिक प्रतिक्रिया दिइसक्नुभएको छ। हाम्रो अध्यक्षले भ्रष्टाचारजन्य कुनै काम र आर्थिक चलखेल गर्नुभएको छैन।' बिहीबार बसेको आकस्मिक बैठकपछि प्रवक्ता ज्वालाले भने, 'शिर ठाडो पारेर यसलाई पराजित गर्न सक्छौं। अदालती रूपमा सम्पूर्ण कुरा गर्छौं। अदालतबाट क्लिन चिट लिएर आउँछौं। खारेज भयो भनेर फर्किन्छौं।'

### अख्तियारलाई नेपालको बयान–

## नियतपूर्वक अनुचित भएको भए सजाय भोग्न तयार

मन्त्रिपरिषद्को मिति २०६६/०९/२२ गतेको निर्णयबाट नै उद्योग-प्रतिष्ठानहरूलाई अधिकतम हदबन्दीभन्दा बढी जग्गा राख्न छुट दिनेसम्बन्धी कार्यनीति २०६२ को स्थगन भएको अवस्थामा पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपाललाई हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न स्वीकृति दिने उद्देश्यका साथ मन्त्रिपरिषद्को मिति २०६६/०९/२९ को बैठकबाट 'मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने' भनी के-कसरी निर्णय भयो भन्ने विषयमा मलाई कुनै कुरा याद छैन।

मन्त्रिपरिषद्को मिति २०६६/०९/२९ गतेको बैठकको निर्णय के-कुन आधारमा गरिएको हो भन्ने विषयमा मलाई ठ्याक्कै सबै याद छैन। कुनै समस्या उत्पन्न भएको सन्दर्भमा यो कुरा आएको हुनुपर्छ तर जुनसुकै समस्या आए पनि कानुन-नियम नमिची, देशलाई कुनै नोक्सानी नहुने गरी, बरु देश र जनतालाई फाइदा हुने गरी कुनै पनि निर्णय र काम हुनुपर्छ भन्ने मेरो मान्यता छ। कुनै समस्या उत्पन्न भएपछि सरोकारवाला मन्त्रालय वा मुख्यसचिवबाट यस समस्याको समाधान गर्ने कानुनी बाटो यस्तो रहेछ भनेर प्रस्तावहरू आएपछि मन्त्रीहरूसमेत सहमत भएपछि यो निर्णय भएको हुनुपर्छ। भूमिसम्बन्धी ऐन २०२१ र उद्योग प्रतिष्ठानहरूलाई अधिकतम हदबन्दीभन्दा बढी जग्गा राख्न छुट दिनेसम्बन्धी कार्यनीति २०६२ बमोजिम पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपाललाई हदबन्दीभन्दा बढी जग्गा राख्न छुट दिन मिल्ने अवस्था के-कति कारणले हदबन्दी छुट दिने निर्णय भयो भन्ने सम्बन्धमा मलाई स्पष्ट याद आइरहेको छैन।

तर कुनै पनि काम गर्दा नियम, विधि पुऱ्याई देश र जनतालाई हित हुने कुरालाई केन्द्रबिन्दुमा राख्नुपर्छ भन्ने मेरो सधैं मान्यता रहिआएको छ। तत्कालीन कर्मचारी, निकाय र कानुनसँग जोडिएको निकायले यसमा ध्यान पुऱ्याउनुपर्ने हो। यसमा म जोड दिन चाहन्छु तर यी कुनै पनि काम निजी, स्वार्थ प्रेरित र गलत उद्देश्य राखी मबाट भएको छैन भन्ने कुरा ठोकुवासाथ भन्न चाहन्छु।

मन्त्रिपरिषद्को मिति २०६६/०९/२९ र मन्त्रिपरिषद्, विधेयक समितिको मिति २०६६/१०/१८ गतेका निर्णयहरू हुनुअगावै पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपालले काभ्रेपलाञ्चोक जिल्लामा पाँच सय ५० रोपनीभन्दा बढी जग्गा खरिद गरी उक्त हदभन्दा बढी जग्गा मिति २०६५/११/१६ गते सनराइज बैंक लिमिटेडमा धितोमा राखी ऋणसमेत चलाइसकेकोमा उक्त गैरकानुनी कार्यको प्रतिफललाई वैधानिकता दिने गरी के-कति कारणले मन्त्रिपरिषद् र विधेयक समितिबाट निर्णय भएको हो भन्ने विषयमा मलाई जानकारी र याद भएन।

मन्त्रिपरिषद्मा कुनै पनि प्रस्ताव पेस गर्नुपूर्व त्यसका तल देखिका प्रक्रिया हुन्छन्। तलैबाट आएका सबै निर्णय कानुनसम्मत छ/छैन हेर्ने काम मुख्यसचिवको टिमको हुन्छ। मुख्यसचिवले सबै हिसाबले प्रस्ताव उपयुक्त छ भन्ने ठहर गरी प्रधानमन्त्री र पछि मन्त्रिपरिषद्मा पेस गरेपछि त्यहाँबाट निर्णय हुने गर्छ। प्रश्न उठेमा, शंका लागेमा वा थप बहसको आवश्यकता महसुस भएमा त्यो विषय थप छलफल र बहसको विषय बन्छ। होइन भने आएका प्रस्तावलाई मन्त्रिपरिषद्ले पारित गर्छ। प्रधानमन्त्री एक्लैले कुनै निर्णय गर्न पाउँदैनन् र त्यस्तो चलन भएको मलाई जानकारी छैन।

पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपालले माग गरेको हदबन्दीभन्दा बढी जग्गा के-कुन प्रयोजनमा प्रयोग गर्न खोजेको भन्ने विषयमा यकिन नभई के-कसरी र कुन आधारमा निर्णय भयो भन्नेबारे कुनै याद छैन। मिति २०६६/१०/१८ गते विधेयक समितिबाट बेचबिखन गर्न नपाउने गरी पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपाललाई हदबन्दी छुट दिने निर्णय गरेकोमा मिति २०६६/१२/०६ गते मन्त्रिपरिषद्बाट बेचबिखन गर्न दिने गरी निर्णय के-कुन आधारमा भयो भन्ने विषयमा मलाई याद भइरहेको छैन।

पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपाललाई हदबन्दीभन्दा बढी जग्गाको बेचबिखन गरी सट्टापट्टा गर्न स्वीकृत दिने विषयमा तत्कालीन भूमिसुधार तथा व्यवस्थामन्त्रीले टिप्पणीमा नै 'निवेदकको मागबमोजिम जग्गा बेचबिखन गरी सट्टापट्टा गर्न स्वीकृतका लागि सम्मानित प्रधानमन्त्रीज्यूबाट प्रस्ताव ल्याउन मौखिक रूपमा निर्देशन दिएको हुँदा सोअनुसार मन्त्रिपरिषद्मा पेस गर्न स्वीकृत' भनी निर्णय गरेको भन्ने विषयमा मलाई स्मरण भइरहेको छैन।

म कुनै पनि निजी, स्वार्थ प्रेरित काम गर्ने कुराको घोर विरोधी हुँ। त्यसरी नियम-कानुनविपरीत राष्ट्रलाई घाटा हुने गरी कानुन मिचिने गरी कुनै आदेश, निर्देशन मबाट कसैलाई, मन्त्रीसमेतलाई दिइएको छैन। पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपालले कुन-कुन जग्गा, कति क्षेत्रफल बिक्री गर्न खोजेको हो, साथै उक्त कम्पनीले बिक्री गर्न खोजेका जग्गाहरू उक्त कम्पनीका नाममा के-कसरी र कहिले कायम भयो भन्नेसमेत नखुलाई बिक्री गरी सट्टापट्टा गर्न दिने निर्णयको विषयमा मलाई स्मरण भइरहेको छैन।

जहाँसम्म मेरो नियत र बदनियतको कुरा छ, म दावाका साथ भन्न चाहन्छु- मेरो यसमा कुनै कुनियत, बदनियत वा निजी हित वा निजी स्वार्थ छैन। मैले कसैलाई पनि नियम-कानुन र विधि मिचेर काम गर्नू भनी निर्देशन वा आदेश दिएको छैन। यस्ता कुरामा मेरो कुनै संलग्नता रहेको छैन। कुनै पनि निर्णयहरू राष्ट्र र जनाताको हितका लागि मुलुकको नियम, कानुन र विधि प्रक्रियाअनुरूप हुनुपर्छ भन्ने मेरो मान्यता रहने गरेको छ। मलाई शंका नगर्न, मेरो नियतमा प्रश्न नगर्न म अनुरोध गर्न चाहन्छु। कुनै अनुचित काम र कुरा मबाट नियतपूर्वक भएको छ भने सम्पूर्ण सजाय भोग्न तयार छु। अनुचित काम र कुरा रोक्ने कुरामा मेरो पूर्ण साथ र सहयोग रहनेछ। म फेरि पनि भन्न चाहन्छु कि मैले कुनै पनि निर्णय निजी स्वार्थबाट प्रेरित भई वा जानाजान देशलाई नोक्सान हुने गरी गरिएको छैन।

*(पूर्वप्रधानमन्त्री एवं नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले २०८१ चैत १७ गते अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष दिएको बयान)*

### रहिनन् ...

त्यसरी त्यतिबेला त्यो भैंसीको जीवन जोगिएको थियो। 'त्यो बेला भैंसीको हालत एकदमै दर्दनाक थियो। उसको टाउकोमा घनको डोब थियो। सिङ भाँचिएको थियो, आँखाबाट रगत चुहिएको थियो,' स्नेहाज केयरकी स्नेहा श्रेष्ठले सुनाएकी थिइन्, 'त्यो अमानवीय कर्म देखेर हामी सबैको मन निकै रोएको थियो।' उनको मन त्यतिबेला झन् धेरै रोयो, जतिबेला भैंसीको पेटमा दुई महिनाको गर्भ रहेछ भन्ने थाहा भयो। 'त्यसपछि त्यो भैंसीप्रति हेर्ने हाम्रो माया झनै घनिभूत भयो,' पेटमा रहेको गर्भ जोगाउन उसले गरेको संघर्षप्रति गर्वबोध भयो।' स्नेहा केयर्समा राखेर स्याहारसुसार गरेपछि उसले वैशाखतिर पाडीलाई जन्म दिएको स्नेहाले सुनाइन्। 'हामी यहाँ भएका सबै पशुलाई मानिसजस्तै सम्मान दिन्छौं,' उनले भनिन्, 'त्यही भएर पाडीलाई मायाले मैचा भनेर नामकरण गरियो।'

उपचारपछि भैंसी केही निको भए पनि कमजोर भएको उनले सुनाइन्। तर मैचालाई पुग्ने दुध भने भैंसीले दिने गरेको थियो। 'दुई थुनबाट दुध आउँदैनथ्यो,' उनले भनिन्, 'बाँकी दुई थुनको दुध मैचाले पेटभरि खान्थिन्।'

स्नेहा केयर्समा मायाकुमारी नाम पाएको उक्त भैंसी त्यहाँ भएका अन्य गाईभैंसीलगायत जनावरसँग मिलेर बस्ने गरेको उनले सुनाइन्।

आफूले जतिसुकै स्याहार गरे पनि त्यतिबेला प्रहार भएको घनको घाउ बल्झेर मायाकुमारी बिरामी पर्दै गएको स्नेहाले बताइन्। 'सात दिन जति त उठ्न पनि सकेन,' उनले भनिन्, 'अन्ततः आइतबार मायाकुमारीको मृत्यु भयो।' उसले मैचाका लागि आफूलाई बचाएको कुराले सबैको मन छोएको स्नेहाले सुनाइन्। 'हामीलाई यस्तो लाग्यो ऊ मैचाकै लागि बाँचेकी रहिछे,' उनले भनिन्, 'मैचाले दाना र घाँस खान थालेपछि मायाकुमारीको मृत्यु भएको छ।' मायाकुमारीको सम्मानजनक अन्त्येष्टि गरिएको थियो। उसको अन्त्येष्टि अन्य जनावरले पनि देखुन् भन्ने चाहना रहेको स्नेहाले सुनाइन्। 'मायाकुमारी मरेपछि पनि मैचाले दुध खान खोजेको दृश्यले भने हामीलाई निकै भावुक बनायो,' उनले भनिन्, 'मायाकुमारीलाई खाल्डोमा पुर्दै गरेको दृश्य मैचाले रुँदै नियालिरहेको थियो।'

मायाकुमारीको मृत्युपछि स्नेहाले सामाजिक सञ्जालमा लेखेकी थिइन्, 'अलबिदा! प्रिय मायाकुमारी, तिम्रो मायाको चिनो मैचाको मुख हेरेर तिम्रो झल्को मेटाउनुबाहेक अब हामीसँग कुनै विकल्प छैन। आज हामी सबैको गला अवरुद्ध भइरहेको छ। तिम्रो वियोगले हाम्रो घर उजाड बनेको छ। गहभरि आँसु लिएर तिमीलाई श्रद्धाञ्जली अर्पण गर्दछौं।'

मायाकुमारीको त्यो चिनो पनि रहेन। चर्न जाने क्रममा खोला किनारमा फालिएको खानेकुरासँगै प्लास्टिक र फलामका टुक्रा खाएपछि मैचाको पेटमा समस्या देखियो। तुरुन्तै सर्जरी गरेर ती वस्तुलाई निकाले पनि मैचालाई बचाउन नसकिएको स्नेहाले बताइन्। मैचाको जन्मदिन धुमधामले मनाउने स्नेहाको तयारी दुःखमा टुंगिएको छ। मैचाको मृत्युमा पनि स्नेहा रोइन् र उनले भावुक पोस्ट लेखिन्-

*प्रिय मैचा,*
*तिम्री आमालाई मृत्युको मुखबाट खोसेर ल्याएथें*
*अनि तिमीलाई पाएर मेरो खुसी दोब्बर भएथ्यो।*
*हिजो जस्तो लाग्छ तिमी जन्मिँदा मैले उत्सव मनाएको,*
*अनि आज तिम्रो वियोगमा छाति पोलिरहेछ,*
*म कसरी पत्याऊँ यो खबर,*
*कसरी तिम्रो वियोगमा शोक मनाऊँ ?*
*सायद हाम्रो मिलन यत्ति नै थियो होला,*
*भावीको लेखन्त यस्तै थियो होला,*
*मुटुभरिको माया दिएर,*
*दुई दिनको रामछाया बनी तिमी गइहाल्यौ,*
*यदि मिल्थ्यो भने तिम्रा लागि मेरो आयु दिने थिएँ,*
*मात्र एक पटक फर्केर आइदेउन प्रिय मैचा,*
*तिमीलाई अँगालो हालेर रुनेछु,*
*तिम्रा लागि गर्न बाँकी सबै सेवा श्रुसुसा गर्नेछु,*
*अन्तिम घडीमा कति खोज्यौं होला मलाई,*
*मेरी आमा आउँछे भनी कति पर्खियौं होला मलाई,*
*निष्ठुरी दैवले तिमीलाई खोसेर लगिहाल्यो,*
*अब म कहाँ भेटौं तिमीलाई ?*
*अब मात्र बाँकी छन् तिम्रा स्मृतिहरू,*
*तिम्रा पदचापहरू,*
*तिमीलाई सदैव देख्न पाऊँ इन्द्रेनी रङहरूमा,*
*तिमीलाई महसुस गर्न पाऊँ हावाका झोक्काहरूमा,*
*मेरा सपनाहरूमा बेलाबेला आइदिनु है,*
*तिम्रो सन्चो बिसन्चो थाहा दिनु है,*
*तिम्रो स्वर्गबासको कामना गर्दछु प्रिय मैचा।*
*अलबिदा!!!*

पृष्ठ १ बाट

### भ्रष्टाचार...

कैलाली कारागारमा रहेका चौधरी कैद मिनाहा माफीपछि २०७९ फागुन ७ गते छुटेका हुन्। कैद मिनाहा नहुँदासम्म उनी निलम्बनमा थिए।

प्रतिनिधिसभा सदस्य निर्वाचनमा चितवन-२ बाट निर्वाचित रास्वपा सभापति लामिछाने उपप्रधान र गृहमन्त्री बनेका थिए। सर्वोच्च अदालतले २०७९ माघ १३ मा लामिछाने सांसदका लागि उम्मेदवार बन्न योग्य नभएको आदेश दिएपछि उनको सांसद पद खारेज भएको थियो। अमेरिकी नागरिकता नत्यागेकाले उनी सांसद हुन योग्य नभएको सर्वोच्चको आदेश थियो। अमेरिकी नागरिकता त्यागेपछि सोही क्षेत्रमा भएको उपनिर्वाचनबाट लामिछाने पुनः निर्वाचित भए। २०८१ पुस ७ गते सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दाको पूरक अभियोगपत्र दर्ता भएसँगै उनको सांसद पद निलम्बन भएको हो। रास्वपाका समानुपातिक सांसद श्रेष्ठले दुर्गा प्रसाईंसँग दुई करोड रूपैयाँ मागेको अडियो सार्वजनिक भएपछि उनलाई पार्टीले २०७९ चैत २९ गते साधारण सदस्यबाट हटाउने निर्णय गरेको थियो। यो निर्णयसँगै उनको पद गुमेको हो। उनको सट्टामा रास्वपाले विन्ध्यवासिनी कंसाकारलाई सांसद बनाएको छ।

यसैगरी राप्रपा सांसद धवलशमसेर राणा, कांग्रेस सांसद माया राई र राप्रपाकी सांसद गीता बस्नेत पनि कानुनी फन्दामा परेका छन्। काठमाडौं तीनकुनेमा चैत १५ गते हिंसात्मक आन्दोलनमा संलग्न भएको आरोपमा सांसद राणा पक्राउ परेका थिए। उनलाई फौजदारी कसुरको आरोप लागेको छ। उनीविरुद्धको मुद्दा अदालतमा विचाराधीन छ। उनी बाँके २ बाट निर्वाचित हुन्। उनी निलम्बनमा भने छैनन्। कांग्रेसकी सांसद माया राई पनि पक्राउ परेकी छिन्। उनीमाथि काठमाडौं कालिमाटीस्थित स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलन गरेको आरोप छ।सहकारी ठगी प्रकरणमा मुछिएपछि राप्रपा सांसद बस्नेत फरार छिन्। नवलपुरको कावासोतीस्थित छिपछिपे उपभोक्ता सहकारी संस्थाको बचत रकम अपचलन आरोपमा गत वैशाखमा सांसद बस्नेतविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो।

### विश्वका...

अध्ययन विश्लेषणका लागि उक्त अनुसन्धानको आधार वर्ष (बेसलाइन) सन् २०२० मानिएको थियो। तर यसअघि नै विगत शताब्दीको विश्वव्यापी तापक्रम वृद्धिका कारण हिमनदीहरूले ठुलो मात्रामा बरफ गुमाइसकेका छन्। ऐतिहासिक तथ्यांकको अभावका कारण यस क्षतिको परिमाण निर्धारण गर्न गाह्रो छ। जेकोलारीका अनुसार सन् १८५० मा हिमनदीहरू अहिलेका भन्दा धेरै ठुला थिए। प्रसिद्ध वैज्ञानिक जर्नल 'साइन्स'मा हालै प्रकाशित यस अध्ययनले आठ फरक हिमनदी मोडेलहरू प्रयोग गरेको थियो, जसमध्ये प्रत्येकलाई वास्तविक विश्व अवलोकनका आधारमा हिसाब (क्यालिब्रेट) गरिएको थियो। यी मोडलहरूले विश्वका दुई लाख हिमनदी (ग्रिनल्यान्ड र अन्टार्कटिकाबाहेक) मा हुने बरफको क्षतिको अनुमान गर्न विभिन्न विश्वव्यापी तापक्रम परिदृश्यलाई आधार मानेका थिए।

अनुसन्धानकर्ताले यी मोडेलका केही महत्त्वपूर्ण अनिश्चिततालाई स्वीकार गरेका छन् तर हिमनदीहरूले निश्चित रूपमा ठुलो मात्रामा बरफ गुमाउने र यो औसत अनुमानभन्दा धेरै बढी हुने देखिएको छ। उदाहरणका लागि, विश्वव्यापी तापक्रमक वृद्धिको विद्यमान स्तरका आधारमा विश्वका ४० प्रतिशत हिमनदीहरू लोप हुने निश्चित देखिएको छ र तर खराब अवस्थामा यो ५५ प्रतिशतसम्म उक्लने देखिन्छ। लोप हुने निश्चितजस्तो देखिएका हिमनदीहरूको अनुपात विश्वभर व्यापक रूपमा फरक छ। उदाहरणका लागि आर्कटिक क्यानडाको दक्षिणी भागमा रहेका ८० प्रतिशत हिमनदीहरू पग्लने निश्चित भइसकेको छ। उता हिन्दुकुश-काराकोरम-हिमालय पर्वत शृखलाका पश्चिमी क्षेत्रका मात्र ५ प्रतिशत हिमनदी इतिहासको पानामा सीमित भएका छन्।

यसैगरी अध्ययनले विश्वव्यापी तापक्रम २.७ डिग्री सेल्सियस पुग्दा हिमनदीको अवस्था गम्भीर हुने देखाएको छ। यो अवस्थामा विश्वका १९ प्रमुख हिमनदी क्षेत्रबाट कम्तीमा ८० प्रतिशत हिमनदी गुम्नेछन्। यसमध्ये युरोपदेखि पूर्वी हिमालय शृंखलाका क्षेत्रहरू पर्छन्। रुसी आर्कटिक, पश्चिमी अमेरिका र आइसल्यान्डबाट हिमनदी पूरै हराउनेछन्। हिमनदीहरूले हाल समुद्री सतह वृद्धिको लगभग एक चौथाइ योगदान गर्छन्। अब लोप हुने निश्चित भइसकेको हिमनदीले थप ११ सेन्टिमिटर समुद्री सतह वृद्धि गराउनेछन्। विश्वव्यापी तापक्रम २.७ डिग्री सेल्सियस पुग्यो भने यसले २३ सेन्टिमिटर समुद्री सतह वृद्धि गराउनेछ।

विश्वव्यापी तापक्रमलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्दा त्यो १४ सेन्टिमिटरमा घट्ने अध्ययनको आकलन छ। युकेको नर्थम्ब्रिया विश्वविद्यालयका प्राध्यापक एन्ड्रु सेफर्डका अनुसार यस अध्ययनले सबै हिमनदी मोडेल अनुमानहरूलाई एकल मूल्यांकनमा ल्याएको छ। 'हिमनदीहरू जलवायु परिवर्तनको प्रभावका सबैभन्दा प्रतिष्ठित उदाहरण हुन् र तिनीहरू हाम्रो ग्रहका सबै कुनामा छन्,' उनले भने, 'यस अध्ययनले देखाउँछ कि हिमनदी पग्लने प्रक्रिया शताब्दीयौंसम्म जारी रहनेछ। आज जलवायु तापक्रम वृद्धि रोकियो भने पनि यसअघि नै भएको क्षतिका कारण हाम्रो जीवनकालमा कैयौं नाटकीय परिवर्तनहरू हुनेछन्। यदि हामीले अहिलको जस्तै जीवाश्म इन्धन प्रयोगलाई जारी राख्यौं भने हाम्रा पहाडी परिदृश्यहरू चिन्न नसकिने हुनेछन्।'

*(बेलायती पत्रिका गार्जियनको अनलाइन संस्करणबाट साभार)*


**सूचना सच्याइएको सम्बन्धमा**

मिति २०८२/०२/२२ गते नागरिक दैनिक पत्रिकामा प्रकाशित यस कार्यालयको 'आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना' मा सूचना प्रकाशित मितिः २०८२/०२/२२ गते र तपशिलमा समयः दिनको १:०० हुनुपर्नेमा अन्यथा हुन गएकोमा यसै सूचनामा उल्लेख हुने गरि सच्याईएको छ।

**सिक्टा सिंचाइ आयोजना**
नेपालगञ्ज, बाँके



**Government of Nepal**
**Ministry of Education, Science & Technology**
**Education Review Office**
**Sanothimi, Bhaktapur**

**INVITATION FOR SEALED QUOTATIONS**

**Date of Publication : 6th June 2025**

1. The Education Review Office invites sealed quotation from registered Suppliers as mentioned here:

| S.N | Sealed Quotation No | Project Title | Document Fee in NPR | quotation Security Amount in NPR | Last Date of Submission | Last Date of Opening |
|---|---|---|---|---|---|---|
| 1 | ERO/SQ/GOODS/ 081/82/01 | Supply, Delivery & Installation of Smart Board, OPS, laptop & Portable Projector | 1000.00 | 27,000.00 | 22nd June 2025 12:00AM | 22nd June 2025 13:00PM |

2. Sealed quotation must be submitted online via bolpatra.gov.np to the Education Review Office, Sanothimi, Bhaktapur, along with the document purchase bank voucher or receipt, on or before 12:00 AM on 22nd June 2025. Bids received after the deadline will be rejected
3. The quotation will be opened in the presence of Bidders' representatives who choose to attend at 22nd Jun 2025 13:00PM at the office of Education Review Office,Sanothimi, Bhaktapur. Quotation must be valid for a period of 45 days after quotation opening and must be accompanied by a quotation security amount as mentioned above which shall be valid for 30 days beyond the validity period of the quotation . If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. 1901000002003000001 at NEPAL BANK LIMITED and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the quotation security shall remain the same as specified for the original last date of quotation submission.